# सत्यवती गाउँपालिका
# गाउं कार्यपालिकाको कार्यालय

जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : २०७७/७८
च.नं. :

मितिः २०७७/०७/१३

**नदि जन्य पदार्थ (ढुङ्गा, गिट्टि तथा बालुवा) उत्खनन तथा संकलन गर्ने आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीको सम्बन्धी सार्वजनिक सूचना।**

**(प्रथम पटक प्रकाशित मिति :२०७७/०७/१३)**

लुम्बिनी प्रदेश, गुल्मी जिल्ला सत्यवती गाउँकार्यपालिकाको कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सत्यवती गाउँकार्यपालिकाको कार्यलय<br>जोहाङ्ग गुल्मी |
| प्रस्तावको व्यहोरा | सत्यवती गाउँपालिकाको क्षेत्रधिकार भित्र पर्ने कालीगण्डकी नदी र बडिगाड खोलाको विभिन्न घाट तथा वगर क्षेत्रबाट नदि जन्य पदार्थ ( ढुङ्गा, गिट्टि तथा बालुवा) उत्खनन तथा संकलन गर्ने सम्बन्धमा |
| प्रभाव पर्न सक्ने गा. पा. क्षेत्र | सत्यवती गाउँपालिकाको वडा नं. १,२,४,५,६ |

यस गाउँपालिकाले माथि उल्लेखित प्रस्तावको कार्यान्वयन गर्न लागेकोमा सो पस्ताव कार्यान्वयन गर्नु अघि उक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination- IEE ) अध्ययन गर्ने सिलसिलामा प्रस्ताव कार्यान्वयन गर्दा प्रभावित हुने क्षेत्रहरुको भौतिक, जैविक, सामाजिक र सांस्कृतिक एवं आर्थिक प्रणाली, यिनका अवयवहरुको अन्तक्रिया र अन्तरसम्बन्धमा के कस्तो प्रभाव पर्दछ भनि एकिन गर्न त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति एवं संघ संस्थाको लिखित रायसुभाव लिन वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम सुचना प्रकाशित गरिएकोले, यो सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र गाउँपालिकाको कार्यालयमा आईपुग्ने गरी रायसुभाव उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ।

नेत्र प्रसाद पाण्डे
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np
फेसबुक पेज:- https://www.facebook.com/satyawatirmo